# हिमाली गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः–४ संख्याः–१४ मितिः–२०७७-०३-११

## हिमाली गाउँपालिका

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

गाउँ सभाबाट स्वीकृत) मितिः-२०७७ असार ११, बिहिवार (धुलाचौर, बाजुरा

## कोरोना सम्बन्धि ऐन, २०७७

# कोरोना सम्बन्धि ऐन, २०७७

प्रस्तावनाः कारोना भाईरस (कोभिड-१९) को संक्रमण रोकथाम, उपचार तथा नियन्त्रणलाई प्रभावकारी तुल्याउन घरमा नै सुरक्षित साथ बस्न र लकडाउनको परिपालना गनुका साथै जनजीवनमा पर्ने प्रभावलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ बमोजिम हिमाली गाउँपालिकाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम कोरोना भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धि ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन हिमाली गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) ऐन भन्नाले हिमाली गाउँपालिकाको सभाले पारित गरेको कोरोना भाईरस संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धि ऐन, २०७७ लाई सम्झनु पर्दछ ।

(ख) गाउँपालिका भन्नाले हिमाली गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) कार्यपालिका भन्नाले हिमाली गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

३. **परिक्षण तथा जाँच गर्ने :** गाउँपालिका भित्र कुनै व्यक्तिमा कोरोना भाइरस संक्रमणको लक्षण देखियो वा पाईयो वा शंका लागेमा सो व्यक्तिको परिक्षण तथा जाँच गरि यदि कोरोना भएको पृष्टि भएमा संक्रमित व्यक्तिहरुलाई गाउँपालिकाले आवश्यकता हेरि छुट्टै क्वारेन्टाईन तथा आईसोलेशनमा राख्ने छ ।

४. **विशेष व्यवस्था गर्ने :** (१) गाउँपालिकाले आफ्नो पालिकाको क्षेत्र भित्र कोरोना भाईरस फैलने सम्भावना देखिएमा सो रोग निर्मुल गर्न वा रोकथाम गर्न आवश्यक कारवाई गर्न सक्ने छ र कुनै व्यक्ति, टोल, समुदाय, वडा तथा निश्चित क्षेत्रमा लागु हुने गरि विशेष आदेश जारी गर्न सक्ने छ ।

(२) गाउँपालिकाले आफ्नो पालिकाको क्षेत्र भित्र कोरोना भाईरस संक्रमण देखिएमा आवश्यकता हेरि निश्चित घर, टोल, समुदाय, वडा र पालिका नै सिल गरि राख्न सक्ने छ ।

(३) गाउँपालिकाले आफ्नो पालिकाको क्षेत्र भित्र कोरोना भाईरस संक्रमण फैलन सक्ने सम्भावना भएमा सो रोग निर्मल गर्न वा सो रोग रोकथाम गर्नका लागि आवश्यक व्यवस्था मिलाउन वडा कार्यालयलाई आवश्यक अधिकार सुम्पन सक्नेछ ।

५. **आवत जावतमा रोक लगाउन सक्ने :** (१) कोरोना भाईरस संक्रमण फैलिरहेको समयमा वा फैलन सक्ने आशंका देखिएमा गाउँपालिका बाहिरबाट मानिसहरुलाई प्रवेश नगर्ने गरि रोक लगाउन सक्ने छ ।

(२) उपदफा १ बमोजिमको अवस्था देखिएमा पालिकाको क्षेत्र भन्दा बाहिर जान समेत मानिसहरुलाई रोक लगाउन सक्ने छ ।

(३) उपदफा १ बमोजिमको अवस्था देखिएमा निश्चित समय तोकी गाउँपालिका क्षेत्र भित्र समेत कुनै एक टोल, समुदाय, वडा र निश्चित क्षेत्रबाट अर्को टोल, समुदाय, वडा वा निश्चित क्षेत्रमा जान तथा प्रवेश गर्न रोक लगाउन सक्ने छ ।

६. **लकडाउन गर्न सक्ने :** (१) गाउँपालिकाले आफ्नो पालिकाको क्षेत्र भित्रको कुनै स्थानमा कोरोना भाईरस संक्रमण देखिएमा आवश्यकता हेरि कुनै टोल, गाउँ, समुदाय, वडा तथा निश्चित क्षेत्र भित्र पूर्ण वा आंशिक रुपमा निश्चित समय तोकी लकडाउन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम गाउँपालिकाले गरेको लकडाउन यदि कसैले उलंघन गरेमा कारवाही गरिने छ ।

७. **क्वारेन्टाईनमा बस्नु पर्ने :** कोरोना भाईरस संक्रमण फैलिरहेको समयमा कुनै व्यक्ति गाउँपालिका बाहिरको क्षेत्रबाट आएमा सो व्यक्तिले पालिकाले तोकेको दिनसम्म तोकेको स्थानमा अनिवार्य क्वारेन्टाईनमा बस्नु पर्नेछ ।

८. **आदेश जारी गर्न सक्ने :** कोरोना भाईरस संक्रमणको अवस्थामा गाउँपालिकाले विशेष परिस्थिती कायम गरि सर्वसाधारणमा प्रतिकुल असर नपर्ने गरी पैदल वा जुनसुकै सवारी साधनबाट लगिने वा ल्याईने सफर गर्ने यात्रुको जाँचबुझ गर्न र त्यस्ता यात्रुलाई कुनै



कोरोना सम्बन्धि ऐन, २०७७

संक्रमण रोग लागेको छ भन्ने शंका लागेमा जाँचबुझ गर्न खटिएको कर्मचारीले त्यस्तो यात्रुलाई अस्पताल, स्वास्थ्य केन्द्र तथा अन्य स्थानहरुमा अलग गरी राख्न वा कुनै किसिमबाट ल्याउन वा सफर गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेश जारी गर्न सक्ने छ ।

९. **उपचार गरिने** : (१) गाउँपालिकाले परिक्षणको क्रममा आफ्नो पालिका भित्रका कुनै व्यक्तिमा कोरोना भाईरस संक्रमण देखिएमा सो व्यक्तिको पालिकाकै खर्चमा उपचारको व्यवस्था गर्ने छ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले उपचार गर्दा संक्रमितको अवस्था हेरि पालिकाकै आईसोलेसन कक्ष वा बाहिर लगेर पनि उपचारको व्यवस्था गर्ने छ ।

१०. **कार्यपालिकाले निर्णय गर्न सक्ने** : कोरोना भाईरस संक्रमणका सम्बन्धमा गाउँपालिकाले कुनै विशेष आदेश लगायत केही निर्णय गर्नु परेमा कार्यपालिकाले आकस्मिक बैठक बसी बहुमतबाट सो निर्णय गर्न सक्ने छ ।

११. **उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई राम्रो व्यवहार गर्नुपर्ने** : (१) क्वारेन्टाइन ,आईसोलेनमा रहेका र संक्रमितहरुको उपचारमा रहेका स्वास्थ्यकर्मीलाई राम्रो व्यवहार गर्नु पर्ने छ ।

१२. **क्वारेन्टाईन र आईसोलेन कक्ष बनाउने** : गाउँपालिकाले संक्रमित राख्नका लागि छुट्टै क्वारेन्टाईन र आईसोलेशन कक्ष निर्माण गर्ने छ ।

१३. **राहत वितरण गरिने** : गाउँपालिकाले कोरोना भाईरस संक्रमणको समयमा लकडाउन गर्दा वा अन्य परिस्थिती उत्पन्न भई गाउँ क्षेत्र भित्रका जनतालाई जीवन धान्न अप्ठ्यारो परिस्थिती उत्पन्न भएमा सो जनताको पहिचान गरि राहत वितरण सम्बन्धिको कार्यविधि बनाई आवश्यक मात्रामा जनतालाई राहत वितरण गरिने छ ।

१४. **उपचार खर्च र विमाको गरिने** : (१) कोरोना भाइरस रोकथाम नियन्त्रण तथा उपचारको काममा खटिदाको बखत कुनै कारण दुर्घटनामा परि अथवा कोरोना भाईरस संक्रमितहरुको उपचार गर्ने क्रममा कुनै स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुनै संक्रमित भई उक्त कर्मचारीहरुको मृत्यु भएमा गाउँपालिकाले सो कर्मचारीहरुको परिवारलाई दशलाख बराबरको



कोरोना सम्बन्धि ऐन, २०७७

बिमा दिईने छ र बिरामी अथवा घाइते भएमा त्यस्तो कर्मचारीहरुको उपचार खर्च गाउँपालिकाले बेहोर्नेछ ।

(२) कोरोना भाईरस संक्रमणको समयमा समाचार संकलन तथा सम्प्रेषण गर्ने क्रममा कुनै पत्रकार सो संक्रमण सरि मृत्यु भएमा सो पत्रकारको परिवारलाई २ लाख बराबरको बिमा दिईने छ ।

(३) कोरोना भाईरस संक्रमणको समयमा सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई सो संक्रमण सरि मृत्यु भएमा सो सुरक्षाकर्मीको परिवारालाई २ लाख बराबरको बिमा दिईने छ ।

१५. **कसूर** : (१) कसैले देहाय बमोजिमको कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिने छ ।

(क) कोरोना भाईरस सर्ने तथा फैलाउने कुनै पनि कार्य गरेमा।

(ख) ऐनको दफा ५ बमोजिम गाउँपालिकाले रोक लगाएको कार्य उल्लंघन गरेमा।

(ग) ऐनको दफा ६ बमोजिम लकडाउन उल्लंघन गरेमा।

(घ) ऐनको दफा ७ बमोजिम ताकेको क्वारेन्टाईनमा नबसेमा।

(ङ) ऐनको दफा ८ बमोजिमको आदेश उल्लंघन गरेमा।

(च) ऐनको दफा ११ बमोजिमको विपरित कसैले उपचारमा संलग्न कर्मचारीहरु माथि गालीगलौज कुटपिट तथा अमानविय व्यवहार तथा अभद्र ब्यबहार गरेमा ।

(छ) कोरोना भाईरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचारको प्रयोजनका लागि प्रयोग भएका मेसिनरी औजार उपकरण लगायतका कुनैपनि सामाग्रीमा क्षेती पुर्याउन नहुने |

१६. **सजाय** : दफा १५ बमोजिमको कसूरमा देहाय बमोजिमको सजाय हुनेछ ।

(क) खण्ड क बमोजिमको कसूर गरेमा पाँच हजारदेखि पचास हजारसम्म जरिवाना गरिने छ।

(ख) खण्ड ख बमोजिमको कसूर गरेमा एक हजारदेखि दश हजारसम्म जरिवाना गरिने छ।

(ग) खण्ड ग बमोजिमको कसूर गरेमा एक हजारदेखि दश हजारसम्म जरिवाना गरिने छ।

(घ) खण्ड घ बमोजिमको कसूर गरेमा दुई हजारदेखि पन्ध्र हजारसम्म जरिवाना गरिने छ।

(ङ) खण्ड ङ बमोजिमको कसूर गरेमा दुई हजारदेखि दश हजारसम्म जरिवाना गरिने छ।

(च) खण्ड च बमोजिमको कसूर गरेमा दश हजारदेखि पचास हजारसम्म जरिवाना गरिने छ। तर यो कसूरमा प्रचलित संघीय कानून अनुसार उजुरी दिई सजाय गर्न समेत बाधा मानिने छैन ।

(छ) खण्ड छ बमोजिमको कसूर गरेमा क्षेती पुर्याउने व्यक्ति वा समूहले क्षेती पुर्याए बमोजिमको बिगो बराबरको रकम र थप जम्मा बिगोको २०% गरि हुन आउने रकम तिर्नुपर्ने छ ।

१७. **कारवाही तथा किनारा गर्ने अधिकार** : यस ऐन अन्तर्गत दर्ता हुने मुद्दाको कारवाही तथा किनारा गाउँपालिकाको न्यायिक समितिले गर्नेछ ।

१८. **उजुरी दिन सक्ने** : यस ऐन अन्तर्गतको कसूर गर्ने व्यक्तिका विरुद्ध न्यायिक समितिमा जसले पनि उजुरी दर्ता गर्न सक्ने छ ।

१९. **पुनरावेदन लाग्ने** : यस ऐन अन्तर्गत किनारा गरेको मुद्दामा चित्त नबुझ्ने पक्षले फैसला भएको ३० दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने छ ।

२०. **नियम, मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्ने** : कार्यपालिकाले यो ऐन अन्तर्गत अन्य कार्य गर्नका लागि नियम, मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

आज्ञाले,<br>
जनक बहादुर शाही<br>
प्रमुख प्रशासकीय अधिकृत

कोरोना सम्बन्धि ऐन, २०७७